**निर्णयहरुः-**

**<u>निर्णय नं.-१</u>**

भीमफेदी गाउँपालिकाको वडा नं १ स्थित रासी खोला अन्तरगत टौवास पारिको क्षेत्रमा होटल र वस्तीतिर कटान हुने जोखिम रहेको तथा वडा नं. ३ र ४ चिउरी बगैचा रानीखोला साधीकुना क्षेत्र (Downstream of Suspension Bridge) अन्तर्गत चिउरी बगैंचा पार्क जोखिममा रहेकोले उल्लेखित क्षेत्रमा रहेको अधिक सञ्चितिका रुपमा नदीजन्य पदार्थ हटाई बिक्री व्यवस्थापन गरि सम्भावित जोखिमलाई न्यूनीकरण गर्नको मिति २०८३/०२/०१ गतेको स्थानीय राजश्व परामर्श समितिको निर्णयानुसार तयार गरिएको विपद् जोखिम क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धी कार्ययोजना, २०८३ पारित गरि लागु गर्ने ।

**<u>निर्णय नं.-२</u>**

भीमफेदी गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको मिति २०८३/०२/०१ गतेको निर्णय अनुमोदन गर्ने।

**<u>निर्णय नं.-३</u>**

भीमफेदी गाउँपालिका वडा नं ४ मा रहेको निवुवाटार स्वास्थ्य चौकीको पुरानो भवनमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरी आवश्यक व्यवस्थापकीय सामाग्री,औषधि तथा स्वास्थ्यकर्मी समेतको व्यवस्था गरी सेवा सञ्चालन गर्ने ।

**<u>निर्णय नं.-४</u>**

(क) आ.व.२०८२/०८३ पशु सेवा शाखाको स्वीकृत वार्षिक स्थानीय र प्रदेश सशर्त तर्फको कार्यक्रम अन्तर्गत **"स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२"** मा व्यवस्था भए बमोजिम उक्त कार्यक्रमहरु कार्यान्वयनको लागि मिति २०८३/०२/१८ गतेको आर्थिक विकास समिति र मिति २०८३/०२/१९ गतेको मूल्याङ्कन समितिको निर्णयानुसार १ जना प्रस्तावकको आवेदन प्राप्त भएकोमा स्वीकृत मूल्याङ्कन मापदण्ड बमोजिम मूल्याङ्कन गर्दा ७२ अङ्क प्राप्त भएकोले यस कार्यक्रममा लाभग्राहि कृषक छनौटको लागि तपसिल प्रस्तावक सिफारिस भई आएको हुँदा छनौट गर्ने।

वडा स्तरिय कृषि तथा पशुपालन कृषक समुह,भीमफेदी-९,बाघमारा

(ख) आ.व.२०८२/०८३ मा भीमफेदी गाउँपालिका पशु सेवा शाखाको वार्षिक स्वीकृत कार्यक्रम प्रदेश सशर्त अनुदानमा हस्तान्तरित खर्च शिर्षक २२५२२ बृहत्तर बाख्रा विकास कार्यक्रम,भीमफेदी-०९ कार्यक्रम बजेट रु.१०,००,०००।-(अक्षरेपी दश लाख मात्र) विनियोजन भएकोमा उक्त शिर्षकबाट खर्च हुने गरी बाख्रा खरिद कार्य गर्दा स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वायन कार्यविधि,२०८२ र मकवानपुर जिल्ला दर मा दर/मूल्य उल्लेखित नभएको हुदाँ राष्ट्रिय बाख्रा अनुसन्धान कार्यक्रम,बन्दीपुर

र बाखा विकास फार्म,चित्लाङ्गले आ.व. २०८२/०८३ को लागि निर्धारित गरेको मूल्यलाई आधार मानी यस कार्यक्रम अन्तर्गत बाखा खरिदको लागि तपसिलको दर/मूल्य निर्धारण गर्ने ।

(ग) **तपसिलः**

| क्र.स. | विवरण | प्रजनन् योग्य बोका/पाठा प्रति के.जी.(जिउँदो) रु. | प्रजनन् योग्य माउ/पाठी प्रति के.जी.(जिउँदो) रु. |
|---|---|---|---|
| १ | खरी क्रस (५०%) | ५००/- | ५००/- |
| २ | जमुनापारी क्रस (५०%) | ६००/- | ६००/- |
| ३ | बारबरी क्रस (५०%) | ६००/- | ६००/- |
| ४ | अन्य उन्नत जात क्रस (५०%) | ६००/- | ६००/- |

**निर्णय नं.-५**

कार्यालय बाट माग भएको मिनि टिलर (५ H.P) मा कार्यालयको लागत अनुमान भन्दा बढि भएकोले अनुदान कार्यक्रम कार्यान्वयनमा समस्या हुने हुँदा सप्लायर्सलाई बोलाई लागत अनुमान रकम रु.५२०००/- भन्दा कम मूल्यमा उपलब्ध गराउन नेगोसिएसन गर्न कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं.-६**

देहायका कानूनहरुको मस्यौदा तयार गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई सहमति प्रदान गर्ने ।

१. गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधिहरुको सामूहिक दुर्घटना बीमा कार्यक्रम संचालन कार्यविधि ।

२. भीमफेदी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन ।

३. भीमफेदी गाउँपालिकाको फोहोरमैला व्यवस्थापन तथा सरसफाई सम्बन्धि कार्यविधि ।

४. भीमफेदी गाउँपालिका बजार व्यवस्थापन तथा अनुगमन सम्बन्धि कार्यविधि ।